**बैठक संख्या :**

आज मिति २०८०/०६/१२ गतेका दिन बागलुङ नगरपालिकाका नगरप्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको बैठकको उपस्थिती निर्णय देयाय  निम्नानुसार छ ।

**उपस्थिति**

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | सुनिता | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | Tuka | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | Shanti | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |
| अन्य उपस्थिति | | | |
| १ | | लेखा अधिकृत | श्री अर्जुन गौतम |
| २ | | अधिकृत छैटौं | श्री किमान्त पन्त |
| ३ | | सहायक पाँचौं | श्री आनन्द प्रसाद शर्मा |
| ४ | | का.स. | श्री लाडकी श्रेष्ठ |

Laxmi

**प्रस्तावहरु**

१. गत कार्यपालिकाको बैठकको निर्णय समिक्षा सम्वन्धमा ।

२. नगरसभा सदस्यहरुको लागि झोला (लगेज) खरिद सम्वन्धमा ।

३. कार्यसम्पादन सम्झौता सम्वन्धमा ।

४. उपभोक्ता समिति गठन सम्वन्धमा ।

५. प्राविधिक कर्मचारीलाई एकमुष्ठ सुविधा उपलब्ध गराउने सम्वन्धमा ।

६. भगिनी सम्वन्ध स्थापना सम्वन्धमा ।

७. बा.न.पा. ४ रात्माटा स्थित नगरसभा हल निर्माण तथा रंगरोगन सम्वन्धमा ।

८. विभिन्न उजुरी, गुनासा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पत्र सम्वन्धमा ।

९. सार्वजनिक सेवा प्रवाह सम्बन्धमा ।

१०. सडक बालवालिका तथा आश्रयबिहिन व्यक्तिहरुलाई उद्धार तथा व्यवस्थापन सम्वन्धमा ।

११. उजुरी तथा गुनासो सम्वन्धमा ।

१२. विविध सम्वन्धमा ।

**निर्णयहरु**

**निणर्य नं. १**

प्रस्तवा नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्ममा भए गरेका काम कार्यवाहिको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निणर्य नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा बागलुङ नगरपालिकाका नगर सभा सदस्यहरुको लागि चालु आ.व.को स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत सभा सञ्चालन तथा तयारी खर्च शीर्षकको रकमबाट एक/एक वटा झोला (लगेज) खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा प्रत्यक शाखाले गर्ने कार्यहरुको विवरण सहित प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख वीच कार्यसम्पादन सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आर्थिक वर्षको लागि विनियोजन भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि यथासम्भव छिटो उपभोक्ता समिति गठन गरी समयमै कार्य सम्पन्न गर्न सम्वन्धित सवै वडा कार्यालयहरुमा जानकारी राउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्राविधिकि कर्मचारीलाई फिल्ड जाने खर्च, सवारी साधनमा प्रयोग हुने ईन्धन खर्च र सवारी साधनको मर्मत वापतको खर्च उपलब्ध गराउदा बढी खर्च आई महंगो पर्न गएको कारण सो को सट्टा प्राविधिक कर्मचारीहरुलाई मासीक एकमुष्ठ सुविधा उपलब्ध गराउने सम्वन्धी प्रस्ताव सम्वन्धमा छलफल हुँदा उक्त प्रस्तावमा पर्याप्त अध्ययन एवं विश्लेषण गरी निर्णयमा पुग्नु पर्ने देखिएको भनि वडा अध्यक्ष एवं कार्यपालिका सदस्यहरुबाट अध्ययनको लागी समय माग भै फरक मत पेश हुन आएकोले थप अध्ययन एवं गृहकार्य पश्चात मात्र उक्त प्रस्ताव माथी पुन: छलफल गर्ने गरी हाल उक्त प्रस्तावको विषयमा कुनै निर्णय नलिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा लुम्विनि साँस्कृतिक नगरपालिकाले भगिनि सम्वन्ध स्थापनाको लागि यस कार्यालयमा पत्राचार गरेको हुँदा उक्त पालिकासंग भगिति सम्वन्ध स्थापना गर्नको लागि आवश्यक गृहकार्य गर्ने निर्णय गरियो ।

**निणर्य नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. ४ रातमाटामा रहेको नगर सभाहलमा निर्माण तथा रंगरोगन लगाएतका बाँकी रहेका कार्यहरुको ल.ई. गरी आगामी १५ औ नगरसभामा बजेट सुनिश्चिततताको लागि पेश गर्ने र बजेट सुनिश्चीत भए पश्चात बाँकी कार्यको निर्माण सम्पन्न गरी सभाहल संचालनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बागलुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय, बागलुङमा परेका विभिन्न उजुरी, गुनासा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पत्र तथा न्यायिक समितिमा परेका निवेदनहरुको बारेमा जानकारी प्राप्त भै सो सम्वन्धमा आवश्यक छलफल गरियो साथै प्राप्त गुनासा उजुरीको सम्वन्धमा यथासक्य छिटो कार्यसम्पादन गर्ने निणर्य गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ र १२ मा उल्लेख भएका प्रत्यक्ष नागरिकसंग जोडिने सेवा सुविधा प्रवाहको सम्वन्धमा छलफल भयो । सो सम्वन्धमा नागरिलाई चुस्त, दुरुस्त, छिटो, छरितो ढंगबाट सेवा प्रवाहको प्रवन्ध मिलाउने, सार्वजनिक सेवा प्रवाह सम्बन्धमा नागरिक अभिमत लिने, सेवा ग्राहीको बहिर्गमन अभिमत (Exit Poll) फारामको प्रयोग गरी सुझाव संकलन गरी प्राप्त हुन आएको सुझावको आधारमा सेवा प्रवाहलाई थप व्यवस्थित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा बागलुङ नगरपालिकाको सामाजिक सुरक्षा तथा संरक्षण नीति बमोजिम बागलुङ नगरक्षेत्र भित्रका बेसहारा अवस्थामा रहेका बालबालिका, जेष्ठ नागरिक, अशक्त आदी व्यक्तिहरुको पुर्नस्थापना तथा व्यवस्थापनको लागि विभिन्न आश्रम तथा विद्यालयहरुसंग समन्वय गरी सडक बालवालिका तथा आश्रयबिहिन व्यक्तिहरुलाई उद्धार तथा व्यवस्थापनको कार्य निरन्तर गरिरहेको तर हाल आश्रयबिहिन व्यक्तिहरु सडकमा नभेटीएता पनि खोजि कार्य, उद्धार र व्यवस्थापनको कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा बागलुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय, बागलुङमा परेका विभिन्न उजुरी, गुनासा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पत्र तथा न्यायिक समितिमा परेका निवेदनहरुको बारेमा जानकारी प्राप्त भै सो सम्वन्धमा आवश्यक छलफल गरियो साथै प्राप्त गुनासा उजुरीको सम्वन्धमा यथासक्य छिटो कार्यसम्पादन गर्ने निणर्य गरियो ।